**Nepalese Culture**
**Vol. 16 : 103-113, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54157**

# पोखराको बिस्केट जात्राः विगत र वर्तमान
## (Bisket Jatra of Pokhara (Past and Present)

**लक्ष्मण श्रेष्ठ**
शिक्षण सहायक, पृथ्वीनारायण क्याम्पस, पोखरा, त्रि.वि.
shresthalaxman712@gmail.com

## Abstract

*The present article is based on the title "Biscuit Jatra of Pokhara: Past and Present". The Newar community, established in Kathmandu Valley as the original settlement, has been making its Karmabhoomi (land of action) in various places outside Kathmandu. Some Newar communities have come and settled in Pokhara Valley. During this migration, the Newar community brought various cultural fairs and festivals with them. The Bisket Jatra (festival) at Pokhara is one of them. What are the changes that have occurred in the past and present of Bisket Jatra in Pokhara? How do you celebrate Biscuit Jatra in Pokhara? The major focus of this research rests on these two questions.in this article. The main purpose of this article is to investigate these two main questions. To fulfill the objective, the researcher has used qualitative research method. The analysis of this research has shown that while celebrating Bisket Jatran here at Pokhara, people stay at home to celebrate the Bhoj associated with the festival, but, besides that, there is no significant participation in the Jatra in comparison to the past.*

***Keywords:*** Bisket Jatra, Pokhara, Past, Present.

## विषयप्रवेश

पोखरा नेपालकै महत्त्वपूर्ण पर्यटकीय स्थल हो । यहाँको प्राकृतिक सौन्दर्यले पोखरा नै सिँगारिएको छ । पोखराको बस्तीविकास हुनामा नेवार समुदायको महत्त्वपूर्ण योगदान रहेको छ । हरिप्रसाद श्रेष्ठका अनुसार नेवार जातिलाई पोखरा, कास्कीमा प्रवेश गराउने काम सन् १७५२ मा तत्कालीन कास्कीका राजा सिद्धिनारायण शाहले

गरेका थिए । वास्तवमा पोखरा बजारको सांस्कृतिक विकास नेवारहरूले नै गरेका थिए । सांस्कृतिक विकासका क्रममा विभिन्न चाडपर्व, जात्राहरू भित्रिए ।

नेपाली जनजीवनमा अनेकन् चाडपर्व र जात्राहरू मनाइने गरिन्छ । ती चाडपर्व र जात्राहरू कुनै धार्मिक कार्यसँग सम्बन्धित छन् भने कुनै सामाजिक मनोरञ्जनका निम्ति हुन्छन् । कतिपय चाडपर्व, जात्राहरू प्राकृतिक प्रकोपहरूबाट बच्न मनाइएका हुन्छन् । त्यसै गरी कुनै जात्रा भने रोगव्याधिबाट मुक्त हुन वा मानिसको सुस्वास्थ्यका लागि पनि मनाइने गरिन्छन् । यी विभिन्न चाडपर्व मध्येको एउटा जात्रा हो- बिस्केट जात्रा ।

## अध्ययन क्षेत्र

प्रस्तुत शोध लेख 'पोखराको बिस्केट जात्राः विगत र वर्तमान' शीर्षकमा अध्ययन गर्न खोजिएको हुँदा पोखरामा मनाउने बिस्केट जात्रामा केन्द्रित रहनेछ ।

## समस्या

नेपालमा मनाइने विभिन्न चाडपर्व र जात्राहरूको अध्ययनअनुसन्धान धेरै नै भइसकेको भए तापनि ती सबै प्रायः काठमाडौं उपत्यकामा केन्द्रित छन् । पोखरामा पनि अध्ययन अनुसन्धान नभएका भने होइनन् । जति हुनुपर्ने हो, त्यति नभएको मात्र भन्न खोजिएको हो । पोखराको बिस्केट जात्राको पनि एक, दुई अध्ययन भन्दा खासै भएको पाइँदैन । त्यसैले पनि यस शोधलेखमा पोखरामा बिस्केट जात्रा केकसरी मनाइन्छ र यस जात्राको विगत र वर्तमानमा देखिएका परिवर्तनसम्बन्धी सवाललाई समस्याका रूपमा हेर्न खोजिएको हो ।

## उद्देश्य

कुनै पनि शोधलेखनले आआफ्नो उद्देश्य बोकेको हुन्छ । त्यसै गरी प्रस्तुत शोध लेखनको मुख्य उद्देश्य पोखराको बिस्केट जात्रा मनाउँदै आउने क्रममा विगत र वर्तमानमा के-कस्तो परिवर्तन देखा परेको छ र जात्रा कसरी मनाइन्छ सो अध्ययन गरी प्राप्त जानकारी पाठक सामु पस्कनु पनि हो । प्रस्तुत अध्ययनको उद्देश्यलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

१. पोखरामा बिस्केट जात्रा कसरी मनाइन्छ त्यसको खोजी गर्नु;
२. पोखराको बिस्केट जात्रा मनाउने परम्परामा आएको परिवर्तनको अन्वेषण गर्नु ।

## अध्ययनविधि

प्रस्तुत शोधलेख गुणात्मक अध्ययन हो । यस शोधलेखका आवश्यक तथ्यहरू सङ्कलनका लागि प्राथमिक स्रोतअन्तर्गत अन्तर्वार्ता, अवलोकनविधि र फोटोग्राफीविधि अपनाइएको छ भने द्वितीयक स्रोत अन्तर्गत सम्बन्धित पुस्तक र लेखरचनाहरूलाई आधार बनाइएको छ । प्राथमिक स्रोतअन्तर्गत यो लेख तयार पार्ने क्रममा बिस्केट जात्राको समय नपरे तापनि शोधार्थीले वि.सं. २०७९ वैशाख १, २ र ३ गते अवलोकन गरी केही महत्त्वपूर्ण फोटाहरू र भिडियोग्राफी लिएको हुँदा, ती सामग्रीहरूलाई अवलोकन गरेर पनि धेरै तथ्यहरू सङ्कलन गर्न सकिने हुनाले यस विधिलाई अपनाउन खोजिएको हो ।

## बिस्केट जात्राको उत्पत्ति

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो । यहाँ विभिन्न कालखण्डमा विभिन्न जात्रा महोत्सवहरू मनाइँदै आएको पाइन्छ। मध्यकालीन समयमा ती जात्रा, उत्सवहरूले व्यापक रूपमा विस्तार तथा विकसित हुने अवसर पाए। तिनै जात्राहरूमध्येको एउटा प्रसिद्ध जात्राको नाम हो, बिस्केट जात्रा ।

बिस्केट जात्रा भनेको के हो भनी अर्थ केलाउँदा, स्थानीय मानिसहरूले यस जात्रालाई 'विसिका' भनेर सम्बोधन गरिएको पाइन्छ। त्यसको अर्थ खोज्दा वि भन्नाले सर्प र सिका भनेको मरेपछि भन्ने हुन्छ। केही व्यक्तिहरूले बिस्यात भनेको पाइयो, जसको अर्थ लामो काठको लिङ्गो हुन्छ। त्यस्तै विसिख्यात पनि भन्दछन्, जसको अर्थ सर्प भएको लिङ्गो हुन्छ। यिनै शब्दहरूको अपभ्रंश रूप नै बिस्केट हो (जोशी, वि.सं. २०३९, पृ. ७५)। तसर्थ विसिका, बिस्यात र विसिख्यातको परिमार्जित रूप नै बिस्केट हो भन्न सकिन्छ। त्यसै गरी बिस्केटका नामकरणसम्बन्धी अर्को धारणा सूर्य मीन राशिबाट मेष राशिमा प्रवेश गर्ने दिनमा स्थापना गर्ने ध्वजालाई विश्वध्वज भनिन्छ। विश्व भन्नाले सूर्य र केतुको अर्थ ध्वजा बुझिन्छ। तसर्थ सूर्य संक्रमण दिनमा स्थापना गरिने ध्वजा विश्वकेतुबाट विसिकेट हुँदै बिस्केट हुन गएको हो (सायमि, ने.सं. ११४२, पृ. १११)।

बिस्केट जात्राको उत्पत्तिसम्बन्धी अनेकन किंबदन्तीहरू रहेका छन्। तीमध्येको एउटा किंबदन्तीअनुसार भक्तपुरका राजाले आफ्नो छोरीको विवाह कुनै पुरुष राजकुमारसँग गरिदिँदा विवाहको भोलिपल्ट त्यस दुलाहा राजकुमारको मृत्यु हुन्थ्यो। यसरी त्यस राजकुमारीसँग विवाह गर्ने धेरै राजकुमारहरूले प्राण त्याग गरे। त्यसै क्रममा एकजना राजकुमारले पनि उनैसँग विवाह गरी त्यस रात नसुती बसिरहे। जब राजकुमारी निद्रामा थिइन्, तब उनका नाकका प्वालबाट एक जोडी सानो सर्प निस्क्यो र ठूलो अजीङ्गरमा परिणत भयो। त्यसैबेला राजकुमारलाई टोक्नुअगाडि नै राजकुमारले आफ्नो खड्गले दुबैलाई दुई टुक्रा पारी काटिदिए (श्रेष्ठ, वि.सं. २०७६, पृ. २३, २४)। यसरी त्यस राज्यमा विषालु सर्पको त्रासबाट मुक्त भएपछि त्यसै अवसरको सम्झनामा बिस्केट जात्रा मनाइयो।

अर्को किंबदन्ती अनुसार एक पटक बिस्केट जात्रा हेर्न काशीबाट भगवान् विश्वनाथ मानिसको रूप धारण गरेर नेपाल आएको विश्वास गरिन्छ। त्यो कुरा थाहा पाएपछि काशी विश्वनाथलाई नेपालमै राख्न तान्त्रिकले उनलाई पछ्याउन थाले। आफूलाई तान्त्रिकले पछ्याइरहेको थाहा पाएपछि काशी विश्वनाथ भाग्दै गए। तान्त्रिकले समाउन लागेको बेला काशी विश्वनाथ धर्तीमुनि पस्न खोज्दै थिए। शरीर जमिनभित्र गइसके पनि टाउको बाहिर थियो। तान्त्रिकले टाउको जमिनमुनि जान नपाउँदै उनको शिर काटेर भक्तपुरमा राखे। जसलाई आकाशभैरवको रूपमा चिनिन्छ। शरीर भने काशीमा पुग्यो (रेग्मी, २००७, पृ. ६५)। त्यसै समयदेखि भैरव यहाँ भएको खुसियालीमा भक्तपुरेहरूले हर्षोल्लासका साथ बिस्केट जात्रालाई मनाए भनिन्छ।

अर्को एक किंबदन्तीअनुसार लिच्छवि शासक शिवदेवको शासनकालमा शेखर आचार्य नामका एक शक्तिशाली तान्त्रिक थिए। ती तान्त्रिकले आफूलाई विभिन्न जनावरहरूमा बदल्न सक्दथे। एक दिन उनकी श्रीमती नररूपाले श्रीमान्‌लाई अजिङ्गरको रूपमा हेर्ने इच्छा राखिन्। शेखरले आफ्नी श्रीमतीलाई तन्त्रमन्त्र गरेका अक्षता हातमा दिए र भने, म अजिङ्गर बनेपछि फेरि मानिस हुनका लागि यो अक्षताले मलाई छर्क। शेखर आफ्नो तान्त्रिक साधना अनुसार अजिङ्गरको रूप धारण गरे। नररूपा अजिङ्गरको रूप देखेर डराइन् र आत्तिएर

भाग्दा हातको अक्षता मुखमा राख्न पुग्दा उनले पनि अजिङ्गरको रूप धारण गरिन् । पछि दुबैले आत्महत्या गरे । राजाले उनीहरूको सम्झनामा प्रत्येक वर्ष लिङ्गोमा दुई वटा लामा कपडाका ध्वजा फरफराएर बिस्केट जात्रा मनाउने परम्परा चलाए (अमात्य, २०११, पृ. ६३-६४) ।  विस्केट जात्रा सूर्यमासको आधारमा मनाइने हुनाले नव वर्षकै दिन मनाएको हुन सक्दछ । सूर्य मिन राशिबाट मेष राशिमा प्रवेश गर्ने हुनाले वैशाख संक्रान्तिमा लिङ्गो ढाल्दा अकाल, अनिकाल, शत्रुनाश हुने कुरा गौतमी पुराणमा उल्लेख गरिएको छ (मानन्धर, ने.सं. ११४२, पृ. ११०-१११) ।

परम्परा अनुसार नयाँ संवत्सर शुरु हुने दिनलाई चाडपर्वको रूपमा मनाउने प्रचलन छ । तसर्थ नेपाल संवत् सुरु हुने दिनलाई तिहारमा म्हः पूजाको रूपमा मनाइन्छ । त्यसै गरी भक्तपुर बासीहरूले वि.सं. लाई चलन चल्तीमा ल्याएको हुनाले भक्तपुर क्षेत्रमा नयाँ संवत्को खुसियालीमा अनेक देवीदेवताको जात्रा गरेर सुख समृद्धिको कामना गर्ने क्रममा विस्केट जात्रा नववर्षको दिन मनाएको पाइन्छ (बज्राचार्य, वि.सं. २०२५, पृ. १३९, १४१) । यद्यपि बिस्केट जात्रा भने चैत्र २६।२७ गतेदेखि नै प्रारम्भ हुने गर्दछ ।  नववर्षका दिन भक्तपुरको ठिमी बालकुमारी क्षेत्रमा वरिपरिका देवीदेवताहरूका मूर्तिहरूलाई छुट्टाछुट्टै जम्मा ३२ खटमा राखी एकत्रित गरी सिन्दूरजात्राका रूपमा मनाउने प्रचलन छ । यो जात्रा सकेपछि लगत्तै ठिमीमा जिब्रो छेड्ने जात्रा मनाउँछन् (खतिवडा, वि.सं. २०७४, पृ. ७८२) ।

बिस्केट जात्रा पहिला चैत मसान्त र वैशाख सङ्क्रान्तिमा गरी दुई दिन मनाउने चलन थियो । तर पछि भैरव र भद्रकाली रथजात्राहरूसमेत गाभी आठ दिन मनाउने चलन छ । लिङ्गो उभ्याउनु चार दिन अगाडि नै भैरव, भद्रकालीको रथजात्रा प्रारम्भ भइसकेको हुन्छ । लिङ्गो ढालेपछि पनि रथ जुधाउने जात्रा सम्पन्न गरिन्छ (जोशी, वि.सं. २०३९, पृ. ७७) ।

## गणेश देवता

पोखराको विस्केट जात्रामा गणेशटोल स्थित गणेश मन्दिरमा रहेको गणेशको मूर्तिलाई रथमा राखेर पोखराको प्रमुख बजारहरूमा नेवार समुदायहरूले पूजा आजा गरी विस्केट जात्रालाई गणेश जात्राको रूपमा मनाउने परम्परा रहँदै आएको छ । त्यसैले पोखराको विस्केट जात्रामा गणेश देवताको विशेष महत्त्व रहेकोले यहाँ गणेश देवताको सामान्य परिचय गराउनु प्रासाङ्गिक होला भन्ने लाग्दछ । यसरी विस्केट जात्रामा गणेश देवतालाई नै जात्रामा प्रयोग गर्नुको पछाडि त्यसबेला विस्केट जात्रा मान्ने नेवार समुदायहरूले आआफ्नो वस्ती पनि गणेश मन्दिर वरिपरि बसालेका थिए । गणेश मन्दिरका गुठियार सदस्यहरूले विस्केट जात्रा मनाउने क्रममा गणेश जात्रालाई मनाएको पाइन्छ ।

गणेशका अनेकौं नामहरू छन् । गणेश, एकदन्त, विनायक, गणपति, गजानन, विघ्नहर्ता लम्बोदर, मङ्गलमूर्ति, सिद्धिबाबा आदि । गणेशका विभिन्न नाममध्ये गणपतिको अर्थ यसप्रकार रहेको कुरा विद्वान्हरू व्यक्त गर्दछन् । 'ग' को अर्थ गमन अर्थात् ज्ञानको संसाररूपी मार्गमा जानु । 'ण' को अर्थ गन्तव्य सम्म पुग्नु अर्थात् आदिबाट अन्तमा पुग्नु हो भने पतिको अर्थ मालिक । तसर्थ, गणपतिको अर्थ आदि र अन्त दुबैका मालिक हुन आउँछ (दीप, वि.सं. २०५२, पृ. १) । गणेशलाई पूजा गर्ने परम्परा, सबैभन्दा प्राचीन प्रमाणका रूपमा भारतमा

इस्वीको प्रथम शताब्दीको कुषाण शासक हुविष्कको मुद्रामा अङ्कित गणेशलाई उल्लेख गर्न सकिन्छ । त्यस मुद्रामा गणेशलाई धनुर्वाण समाती उभिइरहेको देखाइएको छ (अमात्य, वि.सं. २०५४, पृ. ८९) ।

नेपालमा लिच्छविकालदेखि नै उमामहेश्वरका प्रस्तर मूर्तिहरूमा गणेशलाई गणका रूपमा मूर्ति फलकको तलतिर बाजा बजाइरहेको, नाचिरहेको मुद्रामा देखाएको पाइन्छ (पौड्याल, वि.सं. २०६०, पृ. २५) । त्यसरी नै गणेशलाई मध्यकाल र आधुनिक कालमा पनि देख्न सकिन्छ । पछिल्लो समयमा गणेशलाई अझ बढी महत्त्व देवताका रूपमा पूजा गरिएको पाइन्छ । गणेश सिद्धि, बुद्धि र सफलताका प्रतीक मानिन्छन् । मध्यकालमा शक्तिशाली देवताका मन्दिर निर्माण गर्दा पनि सुरक्षाको रूपमा चारकुनामा चार गणेश स्थापना गर्ने परम्परा थियो (कायस्थ, वि.सं. २०७८, पृ. ७१) । हिन्दु र बौद्ध दुबै धर्मका नेवार समुदायले समान रूपमा पूजा गर्ने एक महत्त्वपूर्ण देवता गणेश हुन् । नेवार समुदायमा कुनै पनि पूजा उपासना गर्नका लागि गणेशको मूर्ति भएको सुकुन्दा बालेर मात्र प्रारम्भ गरिन्छ (अमात्य, वि.सं. २०५४, पृ. ८९) ।

## पोखराको बिस्केट जात्रा

पोखराको बिस्केट जात्रा भक्तपुरको भन्दा पृथक देखिन्छ। पोखराको गणेश गुठीयारका नायो वीरेन्द्रकुमार बाटाजूका अनुसार पोखरामा बिस्केट जात्रा चैत मसान्तमा र वैशाख १ गते विशेष रूपले मनाइने गरिन्छ । यद्यपि, जात्रा हुने चार दिन अगाडि नै रथ निकालिन्छ । रथ निकालेकै दिनमा धिमे बाजा बजाएर सो रथलाई बजार परिक्रमा गराइन्छ । तर आजभोलि धिमे बाजा र झ्याली बजाएर मुख्य एक दुई चोकमा पुगेर बिस्केट जात्रा सुरु भएको सङ्केत गरिन्छ ।

यसरी पोखरामा यो जात्रा मुख्य दुई दिन चैत मसान्त र वैशाख १ गते नै मनाउने गरिए तापनि प्रारम्भ र समाप्त भएको दिनलाई जोड्दा ६ देखि ८ दिन सम्म मनाएको पाइन्छ। नेवारहरू उपत्यकाबाट बसाइँसराइ गर्ने क्रममा उनीहरूले आफ्नो साथमा लिएर आएका चाडपर्व, जात्रा, संस्कारहरूलाई जीवन्तता प्रदान गरे । तिनै मध्येको बिस्केट जात्रा पनि एक हो, जसलाई आजसम्म पनि संरक्षण गरी राखिएको छ। नेवार समुदाय जहाँ गए पनि त्यस ठाउँमा उनीहरूले भीमसेनमन्दिर र गणेशमन्दिरको स्थापना गर्ने गर्दछन् । यो नेवारहरूको मौलिक विशेषता नै हो । त्यसैअनुसार नेवार समुदायले पोखराको प्राचीन बस्ती गणेश टोलमा गणेश मन्दिर स्थापना गरेको पाइन्छ । यसै मन्दिरबाट नै पोखराको बिस्केट जात्रा प्रारम्भ हुने गर्दछ ।

बसाइँसराइ गरी पोखरा आएका नेवार समुदायहरूले चैत्र मसान्तका दिन बिस्केट जात्रा मान्ने गरिएको पाइन्छ । अन्य ठाउँहरूबाट पनि नेवार जातिहरू पोखरामा आइ बसोबास गरेका छन् । काठमाडौँबाट आएकाहरूले घोडे जात्रा मनाएको पाइन्छ । त्यसै गरी बनेपाबाट आएकोले चण्डी पूर्णिमा मनाएको पाइन्छ । पोखरामा बस्ने नेवार जाति जसले विस्केट जात्रा मान्दछ तिनीहरू भक्तपुरबाट आएको मान्यता छ । उक्त दिन नेवार समुदायहरू विहानै स्नान गरी चोखो भएर आआफ्नो नजिकको मन्दिरमा पूजा सामग्रीका साथ पूजा गर्न जान्छन् र घर फर्केपछि घर मूलीद्वारा घरका सदस्यहरूले टीका ग्रहण गरी समयबजी भोज खाने गर्दछन् (सुविन्द्र श्रेष्ठ, अन्तर्वार्ता, साउन १८, वि.सं. २०७९) ।

## पूजापरम्परा

वेशाख १ गते नयाँ वर्षको शुभारम्भ सहित सफा र चोखा गरगहनाले रथलाई सिंगारिन्छ । त्यसै दिन बिहानको पहिलो पूजा नेपाल सरकारको पोखरा स्थित मालपोत कार्यालयका कर्मचारहिरूले सामूहिक रूपमा बोका बलि सहितको पूजा सामग्री ल्याई गणेश मन्दिरमा पूजा गर्दछन् । उक्त मालपोतको पूजा कार्य समाप्त भएपछि मन्दिरका पुजारीले मन्दिरभित्रको गणेश मूर्तिलाई तान्त्रिक विधिअनुसार पूजा गरेर त्यस स्थानबाट दुई हातले उठाएर देय् छे (देवताको घर) मा राखिन्छ (चन्द्रकुमार पालिखे, साउन १९, वि.सं. २०७९) ।

गणेश गुठीका गुठीयार सदस्यका अनुसार दोस्रो पूजा गुठीयारका नायोद्वारा हुन्छ र त्यसबेला नेवार तान्त्रिक विधिअनुसार गणेशको पूजा गरी बोको वलि दिइन्छ । तर यस वर्ष २०७९ मा भने पहिलो पूजा पोखरास्थित विजयपुर व्यारेकको सेना प्रमुखको पूजा कार्य सम्पन्न पछि दोस्रो पूजा मालपोत कर्मचारीको र तेस्रो पूजा गणेश गुठीयार समुहको भयो (व्यक्तिगत अन्तर्वार्ता, निरन्जन बाटाजु, साउन १९, वि.सं. २०७९) । पूजाका सामग्रीहरू (बोको, रोटीका परिकार, विभिन्न फलफूलहरू आदि) सबै गुठीयारका सदस्यहरूमध्ये त्यस वर्ष पालो परेकाले व्यवस्था गर्दछ तसर्थ, गुठीयारका सबै सदस्यहरू उक्त पालो परेको गुठीयार सदस्यका घरबाट ती सबै पूजा सामग्रीहरू राखिएका किस्ती थालीहरू आआफ्नो हातमा लिएर देवता राखिएको घरमा आउँदछन् (अवलोकन, वैशाख १, वि.सं. २०७९) ।

भगवान् गणेशको मूर्तिलाई रथमा राखिन्छ, त्यसपछि तेस्रो चरणको तान्त्रिक विधिसहितको बलि पूजा गरिन्छ । रथमा राखिएको गणेशलाई पुजारीले पूजा गरेपछि मात्र त्यसै दिन करिब तीन वा चार बजेतिर रथलाई उचाली शहर परिक्रमाका लागि अघि बढाइन्छ (निरन्जन बाटाजु, अन्तर्वार्ता, साउन १९, वि.सं. २०७९) ।

## शहर परिक्रमा

शहरपरिक्रमा गर्दाको बिस्केट जात्राको रुट गणेश टोलबाट प्रारम्भमा भीमसेन टोल हुँदै भैरव टोल, मोहरिया टोल, विन्ध्यवासिनी, बागबजार र फेरि त्यसै रुट हुँदै फर्किदा पारि साइडका घरहरूमा पूजा हुन्छ । फेरि बागबजारबाट फर्किदा विन्ध्यवासिनी चौतारा, मोहरिया टोल, भैरव टोल, भीमसेन टोल, नालामुख, तेर्सापट्टी, ज्ञानमार्ग चोक, पुनः तेर्सापट्टी, पालिखेचोक, महेन्द्रपुल, फर्किदा तेर्सापट्टी, नालामुख चोक, गणेश टोल, बगाले टोल, सिमलचौर, फर्किदा पुन बगाले टोल र अन्तिममा गणेश टोल स्थित गणेशमन्दिर (स्रोत, छब्बीस कुरिया नेवाः बजार तथा संस्कृति संरक्षण समूह) ।

जात्रालाई शहरपरिक्रमा गर्ने उक्त दिनमा विगतमा नेवार समुदायका व्यापारीहरू व्यापार गर्न बिहानैदेखि गणेशमन्दिर वरिपरि विभिन्न सामग्रीहरू नाङ्लामा राखेर व्यापार गर्दथे । कसैले मिठाइ, कसैले पुष्टकारी, कसैले रोटीका परिकारहरू आदिका साथै अन्य धेरै वस्तुहरूको व्यापार मेला नै हुन्थ्यो (तीर्थमान प्रधानाङ्ग, अन्तर्वार्ता, साउन २०, वि.सं. २०७९) ।

जात्रासँगसँगै नाङ्लो व्यापारीहरू पनि व्यापार गर्दै हिँड्दथे । वरिपरिका गाउँहरूबाट अन्य जातिका मानिसहरू जात्रा हेर्न आउँदथे । जात्राको रथ उचालेर शहरपरिक्रमा गर्दा जात्रामा सहभागी नेवार समुदायहरू, नाङ्लो व्यापारीहरूका साथै जात्रा हेर्न आएका मानिसहरू सबै एकै ठाउँमा हुँदा जात्रा ज्यादै भव्य हुने गर्दथ्यो ।

मानिसहरूको खचाखच भीड जात्रा सँगसँगै हुन्थ्यो । तर विडम्बना आज भोलि पोखराको बिस्केट जात्रामा त्यसप्रकारको रौनक पाइँदैन । त्यस बेलाका मानिसको सङ्ख्यालाई तुलना गरी हेर्ने हो भने त्यसको पाँच प्रतिशत मानिस पनि देख्न पाइँदैन । अहिलेको जात्रामा न नाङ्लो व्यापार देखिन्छ, न जात्रा हेर्न आउने मानिसको भीड देखिन्छ, न यसै जात्रासँग सम्बन्धित नेवार समुदायहरूको सहभागिता देख्न पाइन्छ । विगतको जस्तो जात्राको रौनक आजभोलि छँदै छैन भने पनि हुन्छ (टङ्कमान नापित, अन्तर्वार्ता, साउन २०, वि.सं. २०७९) ।

शहरपरिक्रमा गर्ने क्रममा रथलाई खटमा राखी उचालेर प्रत्येक नेवारहरूको घरघरको आँगनमा जहाँ-जहाँ रातो माटाले गोलो गरी लिपेर राखेको हुन्छ, त्यही स्थानमा सो खटलाई बिसाइन्छ र त्यस घरका परिवार सदस्यहरूले पूजा गर्दछन् । त्यस पश्चात् वरिपरिका घरका मानिसहरूले पनि पूजा गर्ने गर्दछन् (अवलोकन, वैशाख १, वि.सं. २०७९) ।  विगतमा गुठीयार पुजारीले तान्त्रिक विधिबाट पूजा गरिसकेपछि गणेश देवता मन्दिरको आसनबाट उठाएर खटमा राख्ने क्रममा देवता लाग्न गई शरीर काम्ने जाग्ने हुन्थ्यो तर आजभोलि त्यस्तो देखिँदैन (टङ्कमान नापित, अन्तर्वार्ता, साउन २०, वि.सं. २०७९) । विगतमा खट बिसाउने घरले पूजा गर्दा हाँस, कुखुरा, बोका कुनै एकको बलि पूजा गर्दथे । बलि अनिवार्य भने छैन । तैपनि त्यस बेला बलिप्रथा बढी प्रचलन थियो । तर आजभोलि त्यति बलि दिएको पाइँदैन । बलिको नाममा हाँसको अण्डा फुटाल्ने वा नरिवलको बलि दिने गरिएको पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता, अष्टमान प्रधानाङ्ग, साउन २०, वि.सं. २०७९) ।

बिस्केट जात्रामा धिमे बाजाका साथै ऱ्याली र अन्य बाजा बजाइन्छन् । शहरपरिक्रमा दिनरात नरोकीकन करिब दुई वा तीन दिनसम्म पनि लाग्न सक्दछ । सबै स्थानमा परिक्रमा गरिसकेपछि अन्तिममा गणेश टोल स्थित गणेशमन्दिरमा आइपुगेपछि पुन तान्त्रिक विधिअनुसार गणेशको पूजा गरेपछि गणेशमूर्तिलाई पुनः मन्दिरभित्र पहिलाको स्थानमा राखेर बिस्केट जात्रा समापन गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, टङ्कमान नापित, साउन २०, वि.सं. २०७९) ।

## भक्तपुर र पोखराको विस्केट जात्रामा अन्तर

पोखरा र भक्तपुरको विस्केट जात्रा बीचको अन्तर देखाउनु यस लेखको उद्देश्य नभए तापनि ती दुबै ठाउँको विस्केट जात्रामा देखिने सामान्य अन्तर देखाउनु उपयुक्त ठान्दछु । भक्तपुरमा विस्केट जात्रा आठ दिन नौ रातसम्म चैत्र २६ गतेदेखि वैशाख ४ गतेसम्म विभिन्न देवीदेवताहरूको खटयात्रा गरी मनाइन्छ । जसमा चैत्र मसान्तमा लिङ्गो ठड्याएर वैशाख १ गते लिङ्गो ढाल्ने गरिन्छ (मानन्धर, ने.सं. ११४२, पृ. ११०) । पोखरामा भने विस्केट जात्रा चैत्र मसान्त र वैशाख १ गते विशेष रूपले मनाइन्छ । यद्यपि, जात्राको प्रारम्भको सङ्केत भने जात्रा सुरु हुनुभन्दा ४ दिन अगाडि नै गणेश मन्दिर अगाडि रथ निकालिन्छ र धिमे बाजा बजाउँछ ।

भक्तपुरमा लिङ्गो उभ्याउन बाँधिएका ८ वटा डोरीलाई अष्टमातृकाका प्रतीक मानिने र लिङ्गोमा नाग नागिनी प्रतीक स्वरूप ध्वजा बाँधी फहराउने गरिन्छ (पौड्याल, शर्मा र पोखरेल, वि.सं. २०७८, पृ. ८६) । तर पोखरामा भने विस्केट जात्रामा लिङ्गो उभ्याउने कार्य गरिँदैन । तर भक्तपुरमा भन्दा केही पृथक पोखरामा यो जात्रा मालपोत कार्यालयबाट कर्मचारीहरूले बलि सहितको पूजा सामग्रीहरू ल्याई पूजा गर्ने प्रचलन छ । यस पालिबाट विजयपुर ब्यारेक नेपाली सेना, कास्की तर्फबाट पनि पूजा गर्ने परम्परा बसाले ।

भक्तपुरमा विस्केट जात्रामा लिङ्गो उभ्याउनु चार दिन अगाडि नै भैरव र भद्रकालीका रथ जात्राको प्रारम्भ गरिन्छ र लिङ्गो ढालेपछि दुबैको रथ जुधाएर जात्रा सम्पन्न गरिन्छ । तर पोखरामा यी दुबै कार्य गरिँदैन । केवल चार दिन अगाडि गणेशको रथ मन्दिर अगाडि राखेर विस्केट जात्राको प्रारम्भ भएको सङ्केत जनाउँदछ र चैत्र मसान्तमा आआफ्ना घरको परिवार बीचमा भोज खाने गर्दछन् । वैशाख १ गते गणेश गुठीयार सदस्यहरू सामेल भई मन्दिर भित्रको गणेश देवतालाई रथमा राखी शहर परिक्रमा गरिन्छ । दुई वा तीन दिनमा कार्य समाप्त भएपछि गणेश देवतालाई रथबाट पुनः मन्दिर भित्र भित्राएपछि जात्रा सम्पन्न भएको मानिन्छ । भक्तपुरमा यो जात्रा मनाउँदा आजसम्म पनि मानिसको बृहत् उपस्थिति देख्न पाइन्छ तर पोखरामा यो जात्रा मनाउँदा मानिसहरूको उपस्थिति ज्यादै न्युन देखिन्छ अर्थात् मानिसहरूको सङ्ख्या औलामा गन्न सकिन्छ ।

## निष्कर्ष

भक्तपुरमा बिस्केट जात्रा आठ दिनसम्म मनाउने गरिएको देखिन्छ । त्यस्तै पोखरामा पनि बिस्केट सुरु हुनु चार दिन अगाडि धिमे बाजा बजाएर रथ निकाल्ने परम्परा र वैशाख एक गतेदेखि जात्रालाई शहर परिक्रमा गरिँदा विगतमा तीनदेखि चार दिनसम्ममा समापन गरिने हुँदा आठ दिनसम्म मनाइएको पाइन्छ । तर आजभोलि यो जात्रा छ दिनभित्रमा समाप्त भएको देखिन्छ । बिस्केट जात्रा भक्तपुरबाट बसाइसराई गरी पोखरा आएका नेवार समुदायले मनाउँदै आएको पाइन्छ । यो जात्रा मनाउँदा पोखराको गणेशमन्दिर भएको स्थान बाटै यसको प्रारम्भ हुने गरेको देखिन्छ । यसले के सङ्केत गर्दछ भने पोखराको प्राचीन बजारको मुख्य केन्द्रमध्ये यो गणेशमन्दिर भएको स्थान पनि एक थियो भन्न सकिन्छ ।

पोखराको बिस्केट जात्राको सञ्चालनको नेतृत्व गणेशमन्दिरका गुठीयारहरूले नै लिँदै आजसम्म संरक्षण गर्दै आएको देखिन्छ । भक्तपुरमा जस्तो काठको लिङ्गो ठड्याउने प्रचलन यहाँ देखिँदैन । यो जात्रा मनाउने क्रममा विगतमा जति मानिसहरूको सहभागिताका साथै अन्य क्रियाकलापको रौनकता थियो, त्यो आजभोलि देख्न पाइँदैन । यसका विविध कारण हुन सक्दछ । जस्तै, मानिसहरूको कार्यव्यस्तता, मनोरञ्जनका साधन घरघरमा हुनु, जात्राप्रतिको मोह घट्दै जानु, प्रविधिका कारणले सबै कुरा एउटा मोबाइलमा नै हेर्न पाइनु आदि मुख्य कारण हुन सक्दछन् । यति हुँदाहुँदै पनि यसै वर्षदेखि नेपाली सेनाको पूजाले यस जात्राप्रतिको चासो वा उत्साह थपिएको छ भने अर्कातर्फ सेना र जनताबीचको सम्बन्धलाई पनि आत्मीयता कायम राख्नमा यस जात्राले मध्यस्थता कायम गरेको पाइन्छ ।

समग्रमा पोखराको बिस्केट जात्रा केही हदसम्म संरक्षण हुँदै आएको पाइन्छ । यद्यपि यस जात्रालाई अझ पछिपछिसम्म जीवन्तता प्रदान गरी राख्नका लागि बिस्केट जात्राको समय पारेर नेवा खलः कास्कीलगायत यससँगसम्बन्धी निकायले नेवाः महोत्सव वा यस्तै अन्य कार्यक्रम राखेर जात्राको रौनकतालाई बढाउन सकेमा एकातर्फ जात्राको संरक्षण र अर्कातर्फ पर्यटन विकासमा समेत सहयोग पुग्न सक्दछ । बेलामै नसोच्ने हो भने यो जात्रा भविष्यमा लोप भएर नजाला भन्न सकिँदैन ।

## सन्दर्भ सामग्रीसूची


अमात्य, साफल्य (वि.सं. २०५४)), *राजसत्ता र नेपाली संस्कृति,* साझा प्रकाशन ।

कायस्थ, बलराम (वि.सं. २०७८), *भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू,* पल्लव प्रकाशन प्रा.लि. ।

खतिवडा, सोमप्रसाद (वि.सं. २०७४), *नेपाली संस्कृति विश्वकोश,* जनता प्रशारण प्रकाशन लि. ।

जोशी, सत्यमोहन (वि.सं. २०३९), *नेपाली चाडपर्व,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दीप, ध्रुवकृष्ण (वि.सं. २०५२), *हाम्रो संस्कृति हाम्रो ढुकुटी,* साझा प्रकाशन ।

पौड्याल, वीणा (वि.सं. २०६०), *काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू,* साझा प्रकाशन ।

श्रेष्ठ, तेजप्रकाश (वि.सं. २०७६), *नेपालमा जात्रा,* स्वदेश प्रकाशन प्रा.लि. ।

सायमि, सन (ने.सं. ११४२), *नेपाल मण्डलको मौलिक जात्रा परम्परा,* अष्टगणेश पब्लिकेसन ।

Amatya, Shaphalya (2011 AD), *Archaeological & Cultural Heritages of Kathmandu Valley,* Ratna Pustak Bhandar.

Regmi, D. R. (2007 AD). *Medeival Nepal.* (Sec. Ed.) (Vol. II), Rupa & Co.


## अन्तवार्ता दिने व्यक्तिहरूको नामावली

अष्टमान प्रधानाङ्ग, वर्ष ६६, (साउन २०, वि.सं. २०७९), पोखरा-२, भैरव टोल, अध्यक्ष,नेपाल देय् दबु, कास्की ।

चन्द्रकुमार पालिखे, वर्ष ८३, (वैशाख १, वि.सं. २०७९), गणेश टोल, पोखरा,सदस्य, गणेश गुठी समिति ।

टंकमान नापित, वर्ष ८२, (साउन २०, वि.सं. २०७९), पोखरा, भीमसेन टोल, पूर्व सचिव, भैरव सांस्कृतिक संरक्षण समिति, भैरव टोल, पोखरा ।

तीर्थमान प्रधानाङ्ग, वर्ष ७७, (साउन २०, वि.सं. २०७९), पोखरा-२, भैरव टोल, अध्यक्ष, भैरव सांस्कृतिक संरक्षण समिति, भैरव टोल, पोखरा ।

निरन्जन, बाटाजू, वर्ष ६८, (साउन, १९, वि.सं. २०७९), पोखरा-८, बगालेटोल, सदस्य, गणेश गुठी समिति, गणेश टोल, पोखरा ।

वीरेन्द्रकुमार बाटाजू, वर्ष ९५, (वैशाख १, वि.सं. २०७९), पोखरा-८, बगालेटोल, अध्यक्ष, गाण्शे गुठी समिति, गणेश टोल, पोखरा ।

सुविन्द्र श्रेष्ठ, वर्ष ५८, (साउन १८, वि.सं. २०७९), पोखरा-१, बागबजार, महासचिव, नेवाः खल, कास्की ।

## परिशिष्ट १
## फोटोहरू



**चित्र नं. १ :** पोखराको बिस्केट जात्रामा बाजा बजाउँदै



**चित्र नं. २ :** गणेश मन्दिर अगाडि रथलाई पूजा गर्ने क्रममा



**चित्र नं. ३ :** बिस्केट जात्रामा गणेश मन्दिरमा बलि दिँदै



**चित्र नं. ४ :** बिस्केट जात्राको लागि गणेश मन्दिर अगाडि राखिएको रथ र भक्तजनहरू



**चित्र नं. ५ :** तान्त्रिक पूजा पछि गणेश देवता (मूर्ति) लाई उठाउँदै



**चित्र नं. ६ :** बिस्केट जात्रामा गुठीयारका पूजाका सामग्रीहरू